# समाचार पत्र

## नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग NEPAL-INDIA COOPERATION

### डा. चन्द्रप्रकाश द्विवेदीसँग अन्तरक्रिया





स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौंले मिति २०७९ चैत्र १९ गते चर्चित भारतीय चलचित्र निर्देशक तथा अभिनेता डा. चन्द्रप्रकाश द्विवेदीसँग एक अन्तरक्रियाको आयोजना गर्यो । द्विवेदी सन् १९९१ को टेलिभिजन धारावाहिक नाटक ‘चाणक्य’ का निर्देशक एवम् कलाकारका रुपमा परिचित छन् । कार्यक्रममा नेपालका चर्चित चलचित्र निर्माता तथा निर्देशक, कलाकार, नाट्यकर्मी र मिडिया प्रतिनिधिको उपस्थिति थियो । । द्विवेदीले चलचित्र निर्माणबारे धारणा राख्दै सो क्षेत्रमा आफ्नो तीन दशक भन्दा लामो अनुभव सुनाउनुभयो ।

---

### नेपाल चर्खा प्रचारक गान्धी–तुलसी स्मारक महागुठी, काठमाडौंलाई महिला छात्रावास भवनको हस्तान्तरण





भारत सरकारको अनुदान सहयोगमा नेपाल चर्खा प्रचारक गान्धी–तुलसी स्मारक महागुठी, काठमाडौंका लागि निर्मित महिला छात्रावास भवनको मिति २०७९ चैत्र २० गते भारतीय राजदूतावासका प्रथम सचिव श्री करुण वंसलले महागुठीका सम्बन्धित अधिकारीलाई औपचारिक रुपमा हस्तान्तरण गर्नुभयो । हस्तान्तरण समारोहमा जिल्ला समन्वय समितिका प्रमुख र कागेश्वरी मनोहरा नगरपालिकाका मेयरको उपस्थिति थियो ।

# “भारतीय नृत्यको यात्रा” विषयक कार्यशाला






स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौंले मिति २०७९ चैत्र १९ गते “भारतीय नृत्यको यात्रा” विषयक कार्यशालाको आयोजना गर्‍यो । भरतनाट्यम् नृत्य गुरु डा. गौतमी कान्द्रपेटाले सञ्चालन गर्नुभएको सो कार्यशालामा सांस्कृतिक केन्द्र र त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पद्यमकन्या क्यापसका विद्यार्थी तथा नृत्य पारखीहरुको सहभागीता थियो ।

---

# किरातेश्वर संगीत आश्रमद्वारा शास्त्रीय सांगीतिक साँझको आयोजना





किरातेश्वर संगीत आश्रमद्वारा मिति २०७९ चैत्र २५ गते आयोजित शास्त्रीय सांगीतिक साँझमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका शास्त्रीय हिन्दुस्तानी गायन गुरु डा. आशिष सन्तले सांगीतिक प्रस्तुती प्रस्तुत गर्नुभयो ।

April 2023 © Embassy of India, Kathmandu.

# ७३ औं भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसीसीआर) स्थापना दिवस






स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० वैशाख ६ गते भारतीय राजदूतावासमा एक कार्यक्रमको आयोजना गरी ७३ औं भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसीसीआर) स्थापना दिवस मनायो । सो कार्यक्रम जारी 'INDIA@75 आजादीका अमृत महोत्सव' को एक हिस्साको रुपमा आयोजना गरिएको हो ।

थप जानकारी...

---

# विश्व नृत्य दिवसको अवसरमा कार्यशाला








विश्व नृत्य दिवसको अवसरमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका भरतनाट्यम् नृत्य गुरु डा. गौतमी कान्द्रपेटाले मिति २०८० वैशाख १६ गते त्रिभुवन विश्वविद्यालय अन्तर्गतको पद्मकन्या क्यापस र पाटनस्थित न्यू सुम्निमा स्कुलमा नृत्य सम्बन्धि कार्यशाला सञ्चालन गर्नुभयो । विद्यार्थी एवम् नृत्य पारखीहरुले सो कार्यशालाको लाभ लिए ।

# भारतीय सेनाका लेफ्टिनेन्ट जनरल पी एस शेखावत (DG DC&W) को भ्रमण







भारतीय सेनाका लेफ्टिनेन्ट जनरल पी एस शेखावत(DG DC&W) ले मिति २०८० वैशाख १२ देखि १७ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणको क्रममा लेफ्टिनेन्ट जनरल पी एस शेखावतले वैशाख १३ गते नेपाली सेनाका महारथी तथा भारतीय सेनाका मानार्थ महारथी जनरल प्रभुराम शर्मासँग शिष्टाचार भेटवार्ता गर्नुभयो । वहाँले वैशाख १५ गते नेपाल–भारत मैत्री विद्यालय पोखरामा एउटा नयाँ लेक्चर हल र मल्टिमेडिया क्लासरुमको उद्घाटन गर्नुका साथै पेन्सन वितरण कार्यालय पोखरामा भूतपूर्व भारतीय सेनाहरुले सहभागीता जनाएको भूतपूव सैनिक ¥यालीलाई सम्बोधन गर्नुभयो । लेफ्टिनेन्ट जनरलले भारतीय सेनाका वीर भूतपूर्व गोर्खा सेनाहरुको अमूल्य बलिदानको कदर गर्नुका साथै गोर्खा सेनाहरुको कल्याणका निमित्त भारतीय सेना र भारत सरकार निरन्तर लागिरहने बताउनुभयो । भ्रमणकै क्रममा लेफ्टिनेन्ट जनरल शेखावतले वैशाख १६ गते डिएसबी बुटवलमा नवनिर्मित ईसीएचएस पोलिक्लिनिकको पनि उद्घाटन गर्नुभयो । नयाँ किसिमको यस पोलिक्लिनिकले भारतीय सेनाका वीर भूतपूर्व सैनिकहरुको सेवामा ईसीएचएस नेपालको पहुँचलाई अझ बढाउनेछ ।

# जनकपुरधाम सांस्कृतिक महोत्सव तथा मैथिली फुड फेस्टिबल







भारतीय राजदूतावास, काठमाडौंको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले भारतीय महावाणिज्य दूतावास, वीरगञ्जसँगको सहकार्यमा मिति २०८० वैशाख १५ गते जनकपुरस्थित मिथिला यात्री निवासमा जनकपुरधाम साँस्कृतिक महोत्सवको आयोजना गर्यो । महोत्सवको मुख्य आकर्षण मैथिली फुड फेस्टिभल र लोक साँस्कृतिक कार्यक्रम थियो । मैथिली फुड फेस्टिभलमा ८४ प्रकारका परम्परागत मैथिली परिकार राखिएको थियो । अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष मनाउन कोदोबाट बनेका स्थानीय परिकार कार्यकमको विशेष आकर्षणको रुपमा रहेको थियो ।

थप जानकारी...

---

# प्रधानमन्त्री मोदीको 'मन की बात' को १०० औं एपिसोडको विशेष स्क्रिनिङ






भारतीय राजदूतावासले मिति २०८० वैशाख १७ गते दूतावासको SVCC हलमा प्रधानमन्त्री मोदीको 'मन की बात' को १००औं एपिसोडको विशेष स्क्रिनिङ गर्यो । प्रत्यक्ष रुपमा प्रसारित सो कार्यक्रममा नेपालका भारतीय डायस्पोराको उत्साहजनक सहभागीता थियो । साथै दूतावासले भारतले स्वतन्त्रता हासिल गरेको ७५ वर्ष पुग्नु अघिका भारतका केही विशेष महत्वपूर्ण क्षणहरु समावेश गरिएको "India: A Journey into Amrit Kaal" नामक विशेष प्रदर्शनी पनि प्रस्तुत गरेको थियो ।

थप जानकारी...

# पानी, स्वच्छता तथा सरसफाई अभियान




भारतीय राजदूतावास, काठमाडौं र बी.पी. कोइराला भारत–नेपाल फाउण्डेसनको सहयोगमा सुलभ इन्टरनेसनलले मिति २०८० वैशाख १७ गते पानी, स्वच्छता तथा सरसफाई (WASH) अभियानको आयोजना गर्यो । सो अभियान अन्तर्गत विभिन्न विद्यालयका विद्यार्थीले स्वच्छ तथा सफा वातावरणबारे आयोजित अन्तरक्रियामा भाग लिए ।

---

# बहिराका लागि भारत–नेपाल बंगलादेश त्रिदेशीय ODI श्रृंखला




Indian Deaf Cricket Association द्वारा मिति २०८० वैशाख १५ देखि २२ गते सम्म कोलकत्तामा बहिराका लागि आयोजित भारत–नेपाल बंगलादेश त्रिदेशीय ODI श्रृंखलामा सहभागी हुन नेपाली क्रिकेट टोलीलाई बी.पी. कोइराला भारत–नेपाल फाउण्डेसनले सहयोग गर्यो ।

# तपाईले छुटाउनुभयो की !

## अपरेशन काभेरी








सुडानमा अलपत्र परेका भारतीय नागरिकको उद्धारका लागि भारत सरकारले “अपरेशन काभेरी” को सुरु गर्यो । यस अपरेशनका दौरान ३,८६२ जनालाई भारतीय एयरफोर्सका १७ वटा उडान र भारतीय नेभी जहाजका ५ वटा विमानमार्फत उद्धार गरियो ।

थप जानकारी...

# तपाईले छुटाउनुभयो की !

## 'मन की बात' को १०० औं भाग

**100TH EPISODE OF**
**MANN KI BAAT**

माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको मासिक रेडियो कार्यक्रम 'मन की बात' को १०० औं भाग मिति २०८० वैशाख १७ गते प्रसारण भयो । सन् २०१५ को अप्रिल यता मन की बात हरेक महिनाको अन्तिम आइतबार प्रसारण हुँदै आएको छ ।

थप जानकारी...